"पाँचखाल नगर-कृषि शहर"

# पाँचखाल नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

फोन नं. ०११-४९९४५१
फ्याक्स नं. ०११-४९९२६७

प.सं.: ०६८/६९
च.नं.

**सेवा करारमा पदपुर्ति सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशन मिति २०७८/०७/०२

प्रस्तुत विषयमा पाँचखाल नगरपालिका र मानसिक स्वास्थ्य परामर्श केन्द्र-नेपालविच भएको सम्झौता अनुसार स्वीस राजदुतवासको आर्थिक सहयोगमा संचालित द्वन्द्वप्रभावित परिवारका लागि मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग कार्यक्रमकाको लागि देहायबमोजिमको सेवा करारमा पदपुर्ति गर्नु पर्ने भएकाले तपशिल बमोजिम योग्यता पुगेका ईच्छुक नेपालि नागरिकहरुवाट यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र दरखास्त दिनहुन यो सुचना प्रकाशन गरिएको छ।

| क स | विज्ञापन नं | पद | संख्या | दरखास्त दस्तुर | छनौटको किसिम | अन्तर्वार्ता मिति |
|---|---|---|---|---|---|---|
| १ | १/०७८/७९ | मनोसामाजिक कार्यकर्ता | २ | ४००/- | अन्तर्वार्ता | पछि तोकिनेछ |
| २ | २/०७८/७९ | द्वन्द्वप्रभावित स्वयंसेवक | १ | ३००/- | | |

१.आवश्यक योग्यता र अनुभव :

क) मनोसामाजिक कार्यकर्ता पदको लागि: मान्यता प्राप्त विश्वविद्यालयवाट निम्न शैक्षिक योग्यता (राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तोकेको योग्यता)

- हेल्थ असिस्टेन्ट वा नर्सिङ्ग (पि.सि.एल वा व्याचलर), व्याचलर इन पब्लिक हेल्थ वा बि.एड. हेल्थ एजुकेसन
- व्याचलर इन साइकोलोजी वा सोसिओलोजी वा सोसल स्टडी वा पी. जि. डी इन काउन्सेलिङ्ग
- सामाजिक परिचालक वा समुदायमा मनोसामाजिक सहयोगको काम गरेको अनुभव भएकालाई प्राथमिकता दिइने छ ।

- तोकिएको योग्यता पुगेका द्वन्द पीडीत तथा तिनका परिवारका सदस्य (विशेष गरेर द्वन्दको गम्भिर असर परेकाहरु जस्तै परिवारका सदस्य द्वन्दमा गुमाएका वा वेपत्ता भएका तथा गम्भिर अङ्गभङ्ग भएकाहरुको परिवार)लाई प्राथमिकता
- प्रभावित व्यक्तिहरुको लागि समुदायमा मनोसामाजिक सहयोगको काम गरेको अनुभव भएकोलाई विशेष ग्राहयता दिईनेछ ।
- महिलालाई ग्राहयता
- इमेल, इन्टरनेट, MS Word, MS Excel तथा Power Point मा जानकार तथा प्रयोग गर्ने सीप भएको ।

ख) द्वन्द्वप्रभावित स्वयंसेवक पदको लागि:

- तोकिएको योग्यता पुगेका द्वन्द प्रभावित समुहकालाई प्रथामिकता दिइनेछ ।
- शैक्षिक योग्यता: १० कक्षा उत्तीर्ण, द्वन्द प्रभावितहरुको समुहमा रहेर सकिय भई प्रभावीतहरुको सेवा तथा न्याय परिपूरणका प्रकृयामा सकिय भएकोलाई प्राथमिकता
- नगरपालिकामा रहेका द्वन्द प्रभावितहरुको वारेमा पर्याप्त जानकारी भएको हुनु पर्ने । मनोसामाजिक सहयोगकोवारे जानकार भएकोलाई प्राथमिकता

२. उमेर: कम्तिमा १८ वर्ष पुरा गरी ३५ बर्ष ननाघेको ।

३. दरखस्त दिने स्थान: पाँचखाल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पाँचखाल, काभ्रेपलाञ्चोक ।

४. दरखास्त दिने अन्तिम मिति: २०७८/०७/१६(सार्वजनिक दिन परेमा त्यसको भोलिपल्ट)

५. सेवा सुविधा: पाँचखाल नगरपालिका र मानसिक स्वास्थ्य परामर्श केन्द्र-नेपालविच भएको सम्झौता अनुसार ।

६. आवेदन साथ सम्लग्न गर्नु पर्ने कागजातहरु:

प्रतिलिपी ( नेपाली नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्र, सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्र, अनुभव सम्बन्धी अन्य कागजात) ।

७.करार अवधी: २०७९ असार मसान्त ।( आवश्यकता बमोजिम थप गर्न सकिने)

थप जानकारीको लागि पाँचखाल नगरपालिकामा सम्पर्क राख्न हुन अनुरोध छ ।

०६७/०७/०२

शिव प्रसाद हुमेगाई
प्रमुख प्रशाशकिय अधिकृत



प्रमुख प्रशासकीय अधिकृत